हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ३५ पृष्ठ : ४ २०७७ भदौ ३ गते बुधबार (Wednesday 19 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## सहिद रामबृक्ष यादवको २६ औं स्मृति दिवस, विविध कार्यक्रमसहित मनाइयो






कम्युनिष्ट आन्दोलनका महान् हस्ती, सहिद रामबृक्ष यादव । सामन्त दलालहरूको जालझेल, गरिब विरोधी हर्कत विरूद्ध लड्दा लड्दै सहादत प्राप्त गरेका सहिद रामबृक्ष यादव । तराई मधेस मात्र होइन, सिंगो मुलुकका सर्वहारा वर्गका प्रिय नेता । यी र यस्ता खालका विभिन्न रूपले चिनिने महान् सहिद रामबृक्ष (मास्टर साहेब) को २६ औं स्मृति दिवस मंगलबार देशव्यापी रूपमा विविध कार्यक्रमसहित मनाइएको छ ।

कोरोना महामारीको कारणले स्थानीय तहमा स्थानीय पार्टी इकाईहरूले आ-आफ्नै ढंगले मनाउन पार्टीको सर्कुलर अनुसार सहिद यादवको सम्झनामा विभिन्न कार्यक्रमहरू गरिएको छ । नेपाल कम्युनिष्ट पार्टी, लहान नगरपालिका-२० समितिको आयोजनामा मंगलबार स्थानीय आधारभूत विद्यालयको प्रांगणमा बृक्षारोपण गरिएको छ । नेकपाको तर्फबाट प्रदेश २ का प्रदेश सभा सदस्य लगनलाल चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न बृक्षारोपण तथा श्रद्धाञ्जलि कार्यक्रममा पार्टीका जिल्ला कमिटि सदस्य विजयकुमार गुप्ता, देवनारायण महतो, वडाध्यक्ष तथा जिल्ला कमिटि सदस्य गणेशकुमार चौधरी, गमकलाल चौधरी लगायतले बृक्षारोपणसहित सहिद यादवको संघर्षपूर्ण जीवनीको विषयमा आ-आफ्नो धारणा व्यक्त गरेका थिए । उता, लक्ष्मीपुरपतारी गाउँपालिकामा पार्टीका जिल्ला कमिटि सदस्य राहुल यादवको प्रमुख आतिथ्यमा सम्पन्न स्मृत दिवसको अवसरमा जनयुद्धका सहिद परिवारलाई दोसल्ला ओढाइएको छ ।

**को हुन् सहिद यादव ?**

पूर्वी धनुषाको बरमझिया गाउँमा वि.सं. २००३ सालमा जन्मिएका रामवृक्ष यादवले २०२२ सालमा एस.एल.सी. पास गर्नु भयो । बीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तह उत्तिर्ण गरेर गाउँ फर्किएपछि उनले आफ्नै गाउँमा रहेको प्राथमिक विद्यालयमा प्रधानाध्यापकको रूपमा मास्टरी शुरू गरेको भएपनि जीवनको अन्तिम समयसम्म गरिब, निमुखा, सर्वहाराको पक्षको निरन्तर लडिरहे । प्रवीणता प्रमाणपत्र तह उत्तिर्ण गरेपछि त्यही साल सिरहाको कल्याणपुर बंगठिया गाउँका सुब्बा यादवकी छोरी रामकुमारी यादवसँग विवाह गरेका मास्टर साहेबको चार छोरी र एक छोराको जन्म भएको थियो ।

जीविकोपार्जनका लागि मास्टरी पेशासँगै सर्वहारा, किसान, मजदुरको पक्षमा अहोरात्र खटिइरहने उनलाई त्यही कारणले विरोधीहरूले आँखाको तारो बनाए । स्थानीय स्तरमा सामन्त दलालहरूको शोषण उत्पीडन विरूद्ध खरो उत्रिने मास्टर साहेब वि.स. २०२९ सालतिर तत्कालीन नेकपा ( चौम) को सम्पर्कमा आएका थिए । वि.स. २०३० सालतिर खेतीहर मजदुरहरूले गरेको आन्दोलनमा नेतृत्वकर्ताको भूमिका खेल्दै सिरहा, धनुषा, सर्लाही, महोत्तरी लगायत तराईका विभिन्न जिल्लामा पुग्न भ्याए । मजदुर पक्षीय आन्दोलनमा उनको लगाब र रूझानले शान्ति सुरक्षामा खलल पुर्याएको भन्दै तत्कालीन पंचायती सरकारले उनलाई जेल पठाए पनि मुक्त भए ।

तत्कालीन सरकारले कम्युनिष्ट पार्टीसँगको संलग्नताको सुइँको पाएपछि उनलाई मास्टरी सेवाबाट त निकाल्यो तर सर्वहारा, गरिब, मजदुरको मनबाट निकाल्न नसकेको उनका समकक्षीहरू बताउँछन्, अहिलेपनि बरमझिया गाउँमा । जागिरबाट निकालिएपछि मजदुरको पक्षमा सकृयतापूर्वक लागेको उनलाई वि.स.२०३५ सालतिर बरमझिया गाउँमा मजदूर र सामन्त बीच आन्दोलन हुँदा पुनः पक्राउ गरिएको भएपनि मजदुरहरूले प्रहरीबाट खोसेका थिए ।

बाँकी ४ पेजमा

## राष्ट्रकवि माधवप्रसाद घिमिरेको निधन

**काठमाडौं ।** राष्ट्रकवि माधवप्रसाद घिमिरेको १०१ वर्षको उमेरमा निधन भएको छ । मंगलबार साँझ ५ बजेर ५५ मिनेटमा घरमै निधन भएको पारिवारिक श्रोतले जनाएको छ । उनको जन्म वि सं १९७६ असोज ७ गते लमजुङको पुस्तुन गाउँमा भएको थियो ।

घिमिरे स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैली अपनाएर साहित्य सिर्जना गर्ने

बाँकी ४ पेजमा

## १२ जुवाडे पक्राउ

**लहान ।** धनगढीमाई नगरपालिका-१३ भाल्टारबाट मंगलबार साँझ जुवा खेलिरहेको अवस्थामा १२ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले पक्राउ परेकाहरूको नाम भने सार्वजानिक गरेको छैन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डिएसपी विनोद घिमिरेका अनुसार स्थानीय मदन बहादुर राईको झुपडी घरमा जुवा खेलिरहेको सुचना प्रहरीले पाएपछि इलाका प्रहरी कार्यालय लहान र गोलबजारको संयुक्त प्रहरी

बाँकी ४ पेजमा

## युवकको शब फेला

**सिरहा ।** सिरहा नगरपालिका-१५ सुखचैनाको बुधौरास्थित घाँसघारीमा एक युवक मृत अवस्थामा फेला परेको छ ।

मिर्चैया नगरपालिका-९ रमपुरा बस्ने कृतिलाल महतोको २४ वर्षीय उमेश कुमार महतोको मृत शव रहेको जिल्ला प्रहरी

बाँकी ४ पेजमा

## डिएसपीसहित सिरहामा सातजना कोरोना संक्रमित थपिए

**लहान ।** मंगलबार सिरहाको मिर्चैया क्षेत्रमा सात कोरोना भाइरस(कोभिड-१९)को संक्रमित थपिएका छन् । जसमा डिएसपीदेखि जनप्रतिनिधि सम्म छन् । यससँगै सिरहामा ६७ जना कोरोना सक्रिय विरामी

जिल्ला स्वास्थ्य कार्यालय प्रमुख कृष्णदेव यादवका अनुसार इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपीसहित ४ जना कर्मचारी, एक जना थुनुवा, वडा नम्बर ४ का महिला वडा सदस्य र नेपाल

बाँकी ४ पेजमा

## गर्भवती महिला हत्या आरोपमा पति र सासु पक्राउ

**सिरहा ।** गर्भवती महिलाको हत्या गरेको अभयोगमा सिरहा प्रहरीले पति र सासूलाई पक्राउ गरेको छ ।

सिरहा नगरपालिका-१६ की १९ वर्षीया कुलतीदेवी दासको हत्या आरोपमा उनकै २० वर्षीय पति धीरज र ३५ वर्षीया सासु राजकुमारी दासलाई प्रहरीले पक्राउ गरेको हो । गत साउन २७ गते कुलतीदेवीको हत्या भएको थियो । घटनापछि कुलतीदेवीको बुबा चन्दर दासले जिल्ला प्रहरी कार्यालय सिरहामा उनका पति र सासुमाथि किटानी जाहेरी दर्ता गराएका थिए । सिरहाका डिएसपी विनोद घिमिरेले पक्राउ परेका दुबै जनामाथि कर्तव्य ज्यानसम्बन्धि मुद्दामा अनुसन्धान भइरहेको बताए ।

**पालिका र मिडिया बीचको सम्बन्ध**

स्तम्भ : पालिका बहस
पेज 8 मा

## सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरूको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरूमा अनुरोध छ ।

## हार्दिक शुभकामना



सिरहाको लहानबाट "**लहान पोस्ट्**" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।

**सन्जीव उपाध्याय**
**जिल्ला अध्यक्ष**
**नेपाल ट्रेड युनियन कांग्रेस सिरहा**

# सम्पादकीय

## लकडाउन र सामाजिक दूरी

**चीनको वुहानमा कोरोनाको महामारी फैलिएको बेला त्यहाँका जनता प्रहरीको कठोर निगरानी र सुरक्षामा थिए । उनीहरुले अनुमतिबिना आवतजावत गर्न पाएका थिएनन् भने विद्यालय, बजार, बैंक, रेष्टुरेन्ट सबै बन्द भएका थिए । यी सबै वुहानमा देखिएको कोरोनाको महामारी अन्य प्रान्तमा नफैलियोस भन्नका लागि चीन सरकारले लिएको नीति थियो । सामान्य भाषामा भन्दा सरकारेको कठोर निगरानी र सुरक्षा नै 'लकडाउन' हो । जुन कुनैपनि महामारी एक स्थानबाट अर्को स्थानमा नफैलियोस भन्नका लागि गरिन्छ ।**

**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार लकडाउन भनेको कुनै निश्चित क्षेत्रलाई सरकारले बन्द गर्नु हो । मानिसको भीडभाडलाई कम गर्नु नै लकडाउनको मुख्य उद्धेश्य हो । लकडाउनलाई स्वास्थ्य विज्ञहरुले 'हेल्थ कस्टडी' को समेत नाम दिएका छन् । यो एक प्रकारको कर्फ्यु जस्तै हो । कर्फ्यु निश्चित समयका लागि हुन्छ भने लकडाउनको समय रोग अनुसार हुने चिकित्सकको भनाइ छ । लकडाउन गरिएको क्षेत्रमा विद्यालय, होटल तथा रेष्टुरेन्ट, बैंक लगायत मानिसको भीडभाड हुने सबै ठाउँ बन्द हुन्छ । मानिसहरु घरबाट आवत जावत गर्न पाउँदैनन् । तर नेपालमा लकडाउन कार्यान्वयन त्यत्ति सहज भएको छैन ।**

**सरकारले अत्यावश्यक वस्तुको सहज व्यवस्था गर्न नसक्दा एकातिर लकडाउन कार्यान्वयन कठिन भएको छ भने कोरोना महामारीकैं बीचमा लकडाउन खोलेर पुन : लकडाउनकैं बाटो अबलम्बन गर्न सरकार बाध्य भएको छ । कोरोना संक्रमण फैलिदो दर बढेपछि स्थानीय सरकारहरुले फेरी पुरानै लकडाउनको बाटो अबलम्बन गरेपनि यसको प्रभावकारीता भने अझै हुन सकेको छैन । जिल्लाका हरेक स्थानीय तहले लकडाउन घोषणा गर्दै अवधि बढाउने क्रम जारी छ । यसलाई प्रभावकारीता र कार्यान्वयन गर्नपनि ती स्थानीय तहहरु लागि परेका छन् ।**

**जबसम्म कोविड–१९ को भ्याक्सिन तयार हुँदैन तबसम्म 'सोशल डिस्टेन्सिंग' अर्थात 'सामाजिक दूरी' नै यस महामारीको सबैभन्दा उत्तम 'उपाय' वा 'उपचार' हो । कोरोना भाइरस महामारी फैलिएको देशहरुमा अहिले 'सुरक्षित दूरी नै बचाउको उत्तम उपाय' भएको प्रचार प्रसार गरिएको छ ।**

**सोशल डिस्टेन्सिंगको प्रभावकारी ढंगले लागू गर्नका लागि कोरोना संक्रमण प्रभावित अधिकांश देशहरुले लकडाउनको बाटो चुनेको छ । चाहे त्यो एसिया होस, मध्य–पूर्व, यूरोपको देश वा अमेरीका सबैले लकडाउनको बाटो अपनाएको छ । नेपालले पनि त्यही बाटो अबलम्बन गरिरहेको छ । नेपालले चैत ११ गतेबाट लामो लकडाउन झण्डै चार महिना लगायो । त्यसपछि बिस्तारै खुकुलो पार्‍यो । बीचमा लकडाउन हटायो भन्दा पनि हुन्छ । तर पुन : कोरोना संक्रमण दर बढेपछि यसलाई कडाइका साथ लागू गरेको छ । यो हुन जरुरी छ । लकडाउनसँगै सामाजिक दूरी कायम गर्न चुक्नु हुँदैन । त्यसैले भ्याक्सिन नबनिसकेको अवस्थामा यो महामारीबाट जोगिन लकडाउनको पालना र सामाजिक दूरी कायम राख्नु हरेक व्यक्ति, समाजका लागि अपरिहार्य छ । सबैले पालना गरौं ।**


**औरही गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
औरही, सिरहा
**विज्ञापन स्थगन सम्बन्धी**
**अत्यन्त जरुरी सूचना**

कोरोना भाईरस रोग **(COVID -19)** का कारणबाट सिर्जना भएको स्वास्थ्य–सुरक्षा संवेदशीलतालाई दृष्टिगत गर्दै लकडाउनको कारणले गर्दा मिति २०७७ श्रावण ३२ गते प्रकाशन गरीएको प्राविधिक सहायक र सूचना प्राविधिक अधिकृत पदको विज्ञापन अर्को सूचना प्रकाशन नभए सम्मका लागि स्थगन गरिएको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**


# को पत्रकार, कस्तो पत्रकार

**जगत नेपाल**

कोरोना महामारीपछि जागिर गुमाएका धेरै पत्रकारलाई लागेको छ - नसक्ने मिडिया हाउसले त बिदा गरे तर वर्षौं नाफा कमाएकाले पनि केही महिना थेग्न सकेनन् कि चाहेनन् ? जागिर गुमेपछि नियमित आय नभएका पत्रकार ठूलो संकटमा छन् । भर्खर जागिर गुमाएका एक साथीले सुनाए - संचित पैसा छैन, डेराभाडा कसरी तिर्ने ? के खाने ? यतिका वर्ष सानो सरकारी जागिर खाएको भए पनि पेन्सन आउने थियो, यत्रो वर्ष काम गरेर घर न घाटको भइयो ।

पत्रकार बलराम बानियाको मृत्युपछि त झनै प्रश्न उब्जिएका छन् । उनको अस्वाभाविक मृत्यु कर्तव्य हो कि भवितव्य ? हत्या गरियो वा आत्महत्या गर्न बाध्य पारियो ? बानियाको मलामी जाँदा धेरै साथीले यस्तै आशंका सुनाए । कतिपयको भनाइ थियो जुन सञ्चार गृहमा बानियाले साढे दुई दशक काम गरे । अन्तिममा त्यही संस्थाबाट अपमानित हुनु पर्दा उनी निराश थिए । त्यसैको परिणाम हुन सक्छ उनको मृत्यु भन्ने धेरै भेटिए ।

त्यस्तो हो भने बानियाले पत्रकारिता सुरू गर्दा आरम्भ भएको मिडिया कान्तिपुर देशको नम्बर १ संस्था बन्यो । कमायो तर त्यसलाई नम्बर १ बनाउने श्रमजीवीले के पाए ?

अर्कोतिर बलरामजस्ता पत्रकारले लेखेका कारण देशमा गणतन्त्र स्थापना भयो । सडकमा भौंतारिने राजनीतिकर्मी राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री भए । कतिले राजनीतिक आडमा कमाए । तर, निष्ठा, आदर्श र नैतिकताका लागि पत्रकारिता गर्ने बानिया जस्ता पत्रकारलाई भने समाजले मृत्युको मुखमा पुग्न बाध्य बनाईदियो ।

पत्रकारिताको दोष हो कि समाजको ? एकातिर व्यावसायिक पत्रकारलाई अस्वाभाविक मृत्युवरण गर्न बाध्य बनाइँदैछ अर्कोतिर पेसाको बदनाम गरेर गैरपत्रकारहरूले आर्जन गरिरहेकै छन् । हुनत, पत्रकारितामा संकट अहिले मात्र आएको होइन । यसअघि पनि थियो । फरक यतिमात्र हो - अहिले त्यो समस्याले कोरोना नै जस्तो सरूवा रोगको रूप धारण गरेको छ ।

मिडिया हाउसले पत्रकारलाई उपेक्षा गर्दाको परिणाम के हुँदोरहेछ भन्ने एउटा उदाहरण यस्तो पनि छ । एक दशक अघि (२०६८)को कुरा हो । नेपाल पत्रकार महासंघको सचिव थिएँ । स्वास्थ्य बिट हेर्ने एक जना पत्रकार साथीले फोन गरे । तत्कालीन स्वास्थ्यमन्त्री राजेन्द्र महतोले दसैंको शुभकामना दिने भनेर पत्रकारहरूलाई मन्त्री निवास बोलाए । शुभकामना कार्डसँगै दसैं खर्च भनेर पैसा पनि बाँडे । धेरैले त्यसलाई सहजरूपमा स्वीकार गरे ।

ती पत्रकारले भने मन्त्रीले शुभकामना दिन भनेर प्रेस सल्लाहकारमार्फत बोलाएपछि म पनि गएको थिएँ । हार्दिक मंगलमय शुभकामना, २०६८ लेखेको खाम दिए । केही बेर कुरा भयो । शुभकामना आदानप्रदान गरियो । चिया खाएँ र निस्किएँ । पछि खाम खोलेर हेर्दा थाहा पाए, शुभकामना कार्डसँगै हजार हजारका केही नोट पनि रहेछन् । छक्क परेँ । तत्काल मन्त्री क्वाटर फर्किए । मन्त्रीका प्रेस सल्लाहकारलाई भेटैं र रकम फिर्ता गरैं । त्यतिन्जेल त्यहाँ पत्रकारहरूको भिड नै थियो । आउने जाने क्रम चलिरहेकै थियो । उनै पत्रकारले म र अध्यक्ष शिव गाउँलेलाई भनेका थिए - यस विषयमा महासंघले केही गर्नु पर्‍यो ।

मलाई अझै याद छ, त्यो बेला पहिलो संविधान सभामा संविधान बारे गरमागरम बहस जारी थियो । विभिन्न जातजाति र समुदाय संविधानमा आ ना सरोकार समावेश गर्न दबाब दिइरहेका थिए ।

महासंघका महासचिव ओम शर्मा कामको सिलसिलामा युरोपमा थिए । अध्यक्ष गाउँले र मैले सल्लाह गर्‍यौं- यो त राम्रो भएन । महासंघका तर्फबाट वक्तव्य दिनुपर्छ । अनि एउटा मसौदा बनायौं । सचिवको हैसियतमा मैले जारी गरेको त्यो वक्तव्यमा लेखिएको थियो - आ ना स्वकीय सचिवमार्फत मन्त्री महतोले जरूरी काम छ मन्त्रीज्यूलाई भेट्नु पर्‍यो भन्दै पटकपटक फोन गरेर बोलाई पुल्चोकस्थित सरकारी निवासमा पत्रकारहरूलाई शुभकामना कार्डसहित ५ देखि ८ हजारसम्म नगद वितरण गरेको विवरण महासंघलाई प्राप्त भएको छ ।

स्वास्थ्यमन्त्री महतोको यो कार्य पदीय मर्यादा विपरीतमात्र होइन नेपालको अन्तरिम संविधान र कानुनको प्रत्यक्षत: उल्लंघन पनि हो । यसैगरी सो कार्य अख्तियारको दुरूपयोग र भ्रष्टाचार नियन्त्रण ऐन विपरीतको काम पनि हो । यो कार्यलाई महासंघले सत्ता र शक्तिको आडमा सरकारी रकम दुरूपयोग गरी पत्रकार र सञ्चार माध्यमलाई भ्रष्ट र आ नो प्रशंसक बनाउन खोज्ने प्रयत्नको रूपमा लिएको छ । यसतर्फ आवश्यक अनुसन्धान गरी कारवाही प्रक्रिया अघि बढाउन महासंघ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ध्यानाकर्षण गराउँछ । साथै आचार संहिता विपरीतका यस्ता कार्यबाट टाढा रहन आ ना सबै सदस्यको ध्यानाकर्षण गराउँछ ।

तिनताका म अनामनगरमा बस्थैं । मन्त्री महतो बाटोमा जहाँ देखे पनि झन्डावाल गाडीभित्रबाट हात हल्लाउँथे । वक्तव्य प्रकरण पछि भने लामो समय उनी मसँग बोलेनन् । आमनेसामने हुँदा टाउको घुमाउन थाले ।

महासंघको त्यस वक्तव्यले पत्रकारहरूबीच चर्चा परिचर्चा सुरू भयो । धेरैले व्यावसायिक पत्रकारले भनेका थिए यस्तो विषय पनि महासंघको क्षेत्राधिकार भित्र पर्छ र । यस प्रकारका विकृति रोक्न महासंघले पहल गर्नुपर्छ भन्नेतर्फ ध्यान नै पुगेको रहेनछ । राम्रो काम भयो । यसले पत्रकारिताभित्रको विकृति कम गर्न सघाउ पुग्नेछ । यस्तो विचार राख्नेमा महासंघका पूर्वसभापति विष्णु निष्ठुरी प्रमुख थिए ।

केही दिनपछिको कुरा हो । बिहान महासंघ पुगेको के थिएँ टेबलमा हाम्रो वक्तव्यको कडा आलोचना गर्दै प्रकाशित समाचारमा आँखा पुग्यो । त्यहाँ लेखिएको थियो - अधिकांश पत्रकारले विनातलब काम गर्नुपर्छ, तलब पाउनेहरू पनि तीन महिना, छ महिनामा पाउँछन् । पत्रकारको पारिश्रमिक दिलाउन महासंघले पहल नगर्ने, अनि दसैंको बेलामा मन्त्रीले पैसा दिएकोमा विरोधमात्र गर्ने ? मन्त्रीले के गल्ती गरे वर्षभरी तलब नपाउने पत्रकारलाई पैसा दिएर ? मन्त्रीका कारण उनीहरूका परिवारले दसैंमा राम्ररी मासु खान पाउने भए त के गलत भयो ? महासंघले विरोध गर्नुको अर्थ छैन ।

समाचार पढेर छक्क परैं । दिक्क पनि लाग्यो । अनि आ ना गुरू प्राध्यापक पी. खरेलको भनाइ सम्झैं । कक्षामा उहाँ प्राय: भन्ने गर्नुहुन्थ्यो - नेपालमा पर्व पत्रकारिता र गोजी एडिसन खुब चल्छ । व्यावसायिक पत्रकारिता त बामे सर्ने प्रयासमा सीमित छ ।

पर्व पत्रकारिता भनेको नयाँ वर्ष, दसैं तिहारलगायत चाडपर्वमा मात्र छापिने पत्रिका । जसको नियमित प्रकाशन हुँदैन । कहिले चाड आउला र विज्ञापन जम्मा गरेर छापौंला भनेर भन्नेहरूले चलाएको पत्रिका ।

अर्को गोज एडिसन - कसलाई समर्थन गर्ने, कसको विरोध गर्ने, कसलाई उचाल्ने, कसलाई पछार्ने भन्ने प्रयोजनका लागि मात्र चलाइएका मिडिया । यस्ता पत्रिका बजारमा देखिँदैनन् । प्रकाशकले छाप्छन् र जहाँ जहाँ पुर्‍याउनु पर्ने हो खल्तीमा राखेर पुर्‍याई दिन्छन् ।

नेपालमा पत्रकारका विभिन्न रूप छन् । त्यसैले त दक्ष पत्रकारको खोजी गर्ने संस्थाले चाहेजस्तो जनशक्ति पाइरहेको हुँदैन । तर, पत्रकार महासंघका सदस्यको संख्या तेह्र हजारभन्दा

**_बाँकी ३ पेजमा_**


# कोरोना भाइरस रोग (कोभिड–१९)

- **घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने ।**
- **घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने ।**
- **पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं ।**
- **बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध–बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं ।**
- **बाँझो जग्गामा बोटविरुवा रोपौं ।**
- **घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं ।**
- **बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं ।**
- **आर्थिक कार्यमा महिला सहभागीता बढाऔं ।**

**दलित जनकल्याण युवा क्लब**
**लहान–१४ द्वारा जनहितमा जारी**



**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

# जातीय विभेदको छायाँमा विभत्स हत्या, न्यायका लागि लड्दा लड्दै मारिए त्रिभुवन

## दलित आवाज

**मणिलाल विश्वकर्मा**



सप्तरीको शम्भुनाथ नगरपालिका ३ कचन्दाहा टोलका ४२ वर्षीय भुपेन्द्र भनिने त्रिभुवन रामको हत्यामा संलग्न रहेको आरोपमा पक्राउ परेका चार जनालाई पुर्पक्षका लागि सप्तरी कारागार चलान गरिएको छ । जिल्ला सरकारी वकील कार्यालय सप्तरीका प्रमुख जिल्ला न्यायाधिवक्ता कैलाश दाहालका अनुसार मृतकका छिमेकी समेत रहेका स्थानीय ४५ वर्षीय शम्भु साह, उनका भाई ४० वर्षीय प्रभु साह, ३२ वर्षीय पंकज चौधरी र ३५ वर्षीय सुन्दर भनिने सुरेन्द्र पाल गडेरी अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान गरिएका हुन् । 'सप्तरी जिल्ला अदालतमा २८ साउन साँझसम्म भएको थुनछेक बहसपछि अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो' न्यायाधिवक्ता दाहालले भने 'चार जनालाई नै २९ साउन दिउँसो कारागार चलान गरिएको छ ।' मोही जग्गाको विषयमा स्थानीय सुरेन्द्र पाल गडेरीसँग विवाद चलिरहेकै बेला मारिएका त्रिभुवनकी पत्नी ४१ वर्षीया घुरनीदेवीले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएकी थिइन् । मोही जग्गाको विषयमा गत २९ असारमा रूपनी प्रहरीमा भएको छलफल सकेर घर फर्किए लगत्तै मृतक राम साँझ साढे ६ बजेतिर साइकल लिएर शम्भुनाथ ४ मा पर्ने छिमेकी गाउँ नरही गएर फर्किने क्रममा मारिएका थिए । जिल्ला सदरमुकाम राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अंचल अस्पतालमा शबको पोष्टमार्टम हुन नसकेपछि १ साउनको साँझ धरानस्थित वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोष्टमार्टम गरी ल्याइएका मृतक रामको ४ साउनमा उनको घर छेउमै दाहसंस्कार गरिएको थियो । घटनामा संलग्न रहेर तीन जना अझै फरार छन् ।

**बलात्कार विरुद्ध सजायको बदला हत्या**

२७ फागुन २०७४ मा सामूहिक बलात्कारको घटनामा मृतक रामले दिएको किटानी जाहेरीको आधारमा आरोपीका छोरा, भाई, भतिजा पर्ने एटलाण्टिक चौधरी, अजयकुमार चौधरी, अर्जुनकुमार साह र मनोजकुमार साह राजविराज कारागारमा कैद सजाय भुक्तान गरिरहेका छन् । अदालतले कसुर ठहर गर्दै २९ माघ २०७६ मा जनही १० वर्ष कैद सजायको फैसला सुनाएपछि उनीहरु जेल परेका थिए । सामूहिक बलात्कार काण्डका फरारको सूचीमा रहेका स्थानीय बबी चौधरी र मिथिलेशकुमार साहको हकमा मुद्दा मुल्तबीमा रहेको प्रहरीले जनाएको छ । उक्त घटनामा आरोपीहरूले रकम दिएर मुद्दा फिर्ता लिन फकाए पनि मृतक रामले अस्वीकार गरेपछि पटक पटक धम्की दिंदै आएको पृष्ठभूमिमा मोही जग्गाको विवादको मौका पारेर रामको हत्या भएको मृतक परिवार मात्र होइन, छरछिमेकहरु पनि बताइरहेका छन् ।

मोही जग्गाको विषयमा विवाद चलिरहेकै बेला मारिएपछि किरिया बसेका नाबालक छोरालाई समेत मारिदिने धम्की दिन थालेपछि पीडित परिवार मानसिक तनावमा रहेको सप्तरीस्थित संयुक्त दलित संघर्ष समितिका संयोजक प्रथमलाल राम बताउँछन् । पाँच कट्ठा जग्गाको मोही विवाद चलिरहेकै बेला विभत्स ढंगले मारिएका उनको सात वर्षीय रोशन रामलाई समेत उडाइदिने धम्की आउन थालेपछि पीडित परिवार अप्ठ्यारेमा परेको संयोजक रामको कथन छ । मृतकका बृद्ध बाबु ६३ वर्षीय कुशेश्वर रामले भक्कानिदै भने 'हत्यामा संलग्न रहेको अभियोगमा प्रहरीले छिमेकीहरूलाई नै पक्राउ गरेर लगेपछि बाटो हिंड्दा समेत धम्क्याउन थालेका छन्, छोरा त गयो, यो नाति पनि नरहे कसरी बस्न सकौंला ?'

**मोही जग्गाको विवाद र हत्या**

कचन्दाहाका रासलाल पाल गडेरीको १० कट्ठा जग्गामा भूमिसुधार कार्यालयले जोताहा कुशेश्वरको पाँच कट्ठा मोही कायम गरिदिएको बृद्ध रामले बताए । 'धान रोपाइँका लागि गत २८ असारमा हलगोरूसहित जोत्न गएका थिएँ' उनले भने 'जग्गाधनीले जोत्न नदिएपछि भोलिपल्ट २९ असारमा रूपनीस्थित इलाका प्रहरी कार्यालयमा छलफल भएको थियो ।' छलफलमा मृतक रामले हजुरबा झौलाई रामकै पालादेखिको मोहीको प्रमाण देखाएपछि खेत जोत्न दिने सहमतिसँगै उनको पक्षमा निर्णय भएको थियो ।रूपनीबाट घर फर्किएपछि साँझ साढे ६ बजेतिर साइकल लिएर शम्भुनाथ ४ मा पर्ने छिमेकी गाउँ नरही गएको मृतक रामकी पत्नी ४१ वर्षीया घुरनीदेवीले बताइन् । 'रातीसम्म पर्खियौं, घर नआएपछि सुत्यौं' उनले भनिन् 'भोलिपल्ट दिउँसोसम्म पनि घर नफर्किएपछि मनमा चिसो पस्यो ।' बस्तुभाउ चराउन गोठालाहरूले हराइरहेका रामको शव स्थानीय मुतनी खोलामा देखेपछि प्रहरीलाई खबर गरेको उनले बताइन् । उनका अनुसार स्थानीय सुन्दर भनिने सुरेन्द्र पाल गडेरीसँग अर्को पाँच कट्ठा जग्गाको मोहीको विषयमा विवाद चलिरहेको थियो ।

जिल्ला सदरमुकाम राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अंचल अस्पतालमा शबको पोष्टमार्टम हुन नसकेपछि १ साउनको साँझ धरानस्थित वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोष्टमार्टम गरि ल्याइएका मृतक रामको ४ साउनमा गाउँमै दाहसंस्कार गरिएको छ ।

**सात विरुद्ध जाहेरी परेपछि पक्राउ**

मृतककी पत्नी घुरनीदेवीले जिल्ला प्रहरी कार्यालय सप्तरीमा कचन्दाहाका ४५ वर्षीय शम्भु साह, उनका भाई ४० वर्षीय प्रभु साह, ३२ वर्षीय पंकज चौधरी र ३५ वर्षीय सुन्दर भनिने सुरेन्द्र पाल गडेरीसहित सात जनाको समूहले हत्या गरेको भन्दै किटानी जाहेरी दिएकी छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरीक्षक कृष्ण कृष्ण प्रसाइँका अनुसार प्रहरीले आरोपीहरु शम्भु, प्रभु, पंकज र सुरेन्द्रलाई ३१ असारमै पक्राउ गरी अनुसन्धानका लागि अदालतबाट म्याद थप गरेको र फरार रहेका अन्य तीन जनाको खोजी गरिरहेको छ ।

'नरही गाउँबाट राती ९ बजेतिर घर फर्किने क्रममा बीच बाटोमा पर्ने मुतनी खोलामा सात जनाको समूहले निर्मम ढंगले हत्या गरेर करिब पाँच सय मिटर घिसार्दै खोलामा पुऱ्याएर फालेछन्' उनले भनिन् । उनका अनुसार सामूहिक बलात्कार कसुरमा कैद सजायमा जेल परेका बाबु, काका, दाजु र मोही जग्गा विवादका विपक्षीहरुले योजनाबद्ध रूपले गाउँदेखि करिब दुई सय मिटर दक्षिण-पूर्व जाने बाटोबाट रामलाई अपहरण गरी कुटपिट, धारिलो हतियार प्रहारपछि हत्या गरेर मुतनी नदीमा फालेको मृतककी पत्नी घुरनी देवीले बताइन् ।

**सामूहिक बलात्कार काण्ड र किटानी जाहेरी**

२७ फागुन २०७४ मा सामूहिक बलात्कारको घटनामा रामले दिएको उजुरीको आधारमा आरोपीका छोरा, भाई, भतिजा पर्ने एटलाण्टिक चौधरी, अजयकुमार चौधरी, अर्जुनकुमार साह र मनोजकुमार साह राजविराज कारागारमा कैद भुक्तान गरिरहेका छन् । अदालतले २९ माघ २०७६ मा जनही १० वर्ष कैद सजायको फैसला सुनाएपछि उनीहरु जेल परेका थिए । सामूहिक बलात्कार काण्डका फरारको सूचीमा रहेका स्थानीय बबी चौधरी र मिथिलेशकुमार साहको हकमा मुद्दा मुल्तबी रहेको प्रहरीले जनाएको छ ।

कान दुखेको औषधि किन्न गाउँको पसल गएकी बालिकालाई घर छेउकै गहुँ खेतमा पुऱ्याएर छ जनाले सामूहिक बलात्कार र मोवाइलबाट भिडिओ बनाएको आरोप छ । उक्त घटनामा आरोपीहरूले रकम दिएर मुद्दा फिर्ता लिन फकाएपनि मृतक रामले अस्वीकार गरेपछि धम्की दिंदै आएका थिए । त्यही कारणले चार जनालाई १० वर्ष कैद सजाय भएको भन्दै जेल परेका मनोजका ठूलोबुबा शम्भु साहले हत्या हुनु तीन दिनअघि मात्र नराम्रो हुन्छ भन्दै धम्क्याएको मृतक परिवारले जनाएको छ ।

गाउँकी किशोरीको सामूहिक बलात्कार काण्डमा आफन्त जेल परेको आक्रोश, मोही जग्गा विवाद लगायतका कारणले विभत्स ढंगले हत्या गरेको घटनामा संलग्नहरु विरूद्ध त्रिभुवन रामले दिएको किटानी जाहेरी नै उनको मृत्युको कारण रहेको बताउनेहरु कचन्दाहा गाउँमा धेरै छन् । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान अनुसार जात, वर्ण, लिंग, धर्मको आधारमा जातीय छुवाछूत गर्न पाइँदैन । बलात्कार जस्तो जघन्य अपराध सामूहिक बलात्कार विरूद्ध त्रिभुवन रामले देखाएको हिम्मत सलामयोग्य थियो र छ । बलात्कार काण्डमा संलग्न अभियुक्तहरुलाई कारागार पठाउन उनले बरू आफ्नो ज्यान गुमाए तर अन्यायको विरूद्ध झुकेनन् भलै मोही जग्गाको विवाद सतहमा आएको किन नहोस् ।

## को पत्रकार...

बढी छ । दलीय सिन्डीकेटका कारण कतिपय श्रमजीवी पत्रकारले महासंघको सदस्यता लिएकै छैनन् । लिने अधिकांश पनि विभिन्न पेसा व्यवसायमा संलग्न पत्रकार भनेर आलोचित छन् । राजनीतिक दल, समूह, व्यावसायिक घराना, धार्मिक संस्था आदिले मिडियामा राम्रै लगानी गरेका छन् ।

पत्रकार महासंघको अघिल्लो महाधिवेशनसम्मका साधारण सदस्यमध्ये करिब बहुमत गैरपत्रकार त छैनन् भन्ने प्रश्न त्यसै त उठेको होइन नि ।

त्यसको आधार छ । राम्रा मिडिया हाउसमा दशकभन्दा बढी काम गरेका, श्रमजीवि पत्रकारहरूलाई नै दैनिक गुजारा चलाउन गाह्रो छ । एकथरी पत्रकार महिनौ तलब आएको छैन भन्छन् । वैकल्पिक आय स्रोत छैन । परन्तु, तिनकै आलिसान 'महल' हुन्छ । बर्सेनि मोटर फेर्छन् । महंगो ब्राण्डका कपडामात्र लगाउँछन् । स्मार्टफोन र ल्यापटप चलाउँछन् । रेस्टुराँ पुगेकै हुन्छन् । आखिर कहाँबाट आउँछ ? खर्चको स्रोत के हो ?

नेपाली बजारमा पत्रकारका विभिन्न रूप छन् । व्यावसायिक, जेडी, एमडी र जेएन । व्यावसायिक पत्रकारहरूमा प्राय: ठूला मिडिया हाउसमा काम गर्नेहरू नै छन् । केही अपवादलाई छाडेर धेरैले नियमित तलव सुविधा पाउँदैनन् । वर्षौं काम गरेको संस्था छोड्ने बेला उपदान हुँदैन । कोरोना महामारीपछि लामो समय नाफामा चलेका ठूला व्यावसायिक घरानाले जसरी पत्रकारलाई बिदा गरेका छन् यसबाट थाहा हुन्छ वास्तविक पत्रकारको कस्तो हबिगत छ भन्ने । अर्कोथरी पत्रकार छन् जेडी अर्थात् जग्गा दलाल, एमडी अर्थात म्यान पावर कम्पनीका दलाल र जेएन जाली नोटका कारोबारी । दलालीको पैसाले मिडिया चलाउँछन् । जसलाई पत्रकारिताको मर्म र भावना थाहा छैन, तिनलाई आचार संहिता र सामाजिक उत्तरदायित्वको के मतलब ? पछिल्लो समय प्रविधिका क्षेत्रमा भएका क्रान्तिका कारण भाइरल पत्रकारिता ( युट्युव) को ताउरमाउर भएको छ । भिडियो बनायो युट्युवमा हाल्यो । चर्चा कमायो । सत्य, तथ्य र विश्वसनीय सूचना होस् कि नहोस् ! समाजमा जस्तोसुकै प्रभाव पारोस् । छु मतलब ? कति भाइरल भयो ? लाइक र सेयर कति बढ्यो भन्नेबाहेक अरूमा ध्यान दिएको पाइँदैन । समाजको चौथो अंग पत्रकारितालाई बचाइ राख्ने हो भने श्रमजीवी पत्रकारको भौतिक र सामाजिक सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नुको अर्को विकल्प छैन । समाजको पहरेदारी गर्ने पत्रकारलाई कुनै प्रकारको दबाब, आशा र त्रासबाट टाढा राख्न उनीहरूले पनि यसलाई अनिवार्य सर्त बनाउन आवश्यक छ । यो जिम्मेवारी कसको हो ? सरकार, मिडिया हाउस वा पत्रकार महासंघजस्ता संस्थाको ? त्यसैले पत्रकारहरूको मुखबाट हिजोआज सुन्ने गरिएको छ - पत्रकारको वर्तमान त होला भविष्य छैन । श्रमजीविलाई पाखा लगाएर सामाजिक उत्तरदायित्वसहितको पत्रकारिता प्रवर्द्धन सम्भव होला ? प्रविधिको बलमा कर्मजीवीलाई उपेक्षित गर्दै जाने संस्कार बेलैमा अन्त्य गर्न सकिएन भने छिट्टै खराबले असल पत्रकारितालाई विस्थापित गर्ने निश्चित छ ।

*बाह्रखरीबाट*


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

# पालिका र मिडियाबीचको सम्बन्ध

**पालिका बहस**

**डा. विजयप्रसाद मिश्र**



गाउँ पालिका र नगर पालिकाको कामै हो आफ्नो क्षेत्रमा रहेका गरिब, सुकुम्बासी, किसान, महिला, पछाडी पारेको समुदायलाई सामाजिक न्यायको सिद्धान्त अनुसार सेवा गर्ने । उनीहरुको आवश्यकता अनुसारको विकासका कामहरु गर्ने । मिडिया पनि आवाज विहीनहरुको आवाज हो । मिडियाले जहिलेपनि पीडितको पक्षमा आवाज उठाउनु पर्दछ । त्यसैले पालिका र मिडिया दुबैको काम एकै किसिमको छ, पीडित र पछाडी पारिएका समुदायको पक्षमा काम गर्ने । त्यसोभए के मिडिया र पालिका दुबै मिलेर समृद्धिको अभियानमा साथ साथ नहिडने त ? पक्कै पनि साथसाथ हिड्नु पर्दछ । पारदर्शिता, सुशासन, जवाफदेहिताको लागि पालिकाको आँखा खोल्ने काम मिडियाले गर्दछ । मिडियालाई स्थानीय विषय, समस्या, आवश्यकता, समुदायका प्रगतिका विषयहरुको बारेमा प्रकाशन प्रसारण गर्न पालिकाले प्रोत्साहित गर्न सक्दछ ।

विकास प्रक्रियामा संचारको काम जनतालाई उनीहरुको बास्तविक अवस्थासंग परिचित गराउनु र उनीहरुको लागि संचारले सबै मानिसको हक बराबरी हुन्छ, सबैलाई ज्ञान जानकारी पाउने र साँस्कृतिक गतिविधिमा लाग्ने हक हुन्छ तथा उनीहरुले आफ्नो अवस्था वा परिस्थितिको आलोचना बिवेचना गरेर त्यसलाई लागू गर्न सक्छन् भन्ने बताइरहेको हुन्छ । त्यसैले स्थानीय तहमा विकासको लागि बाटो देखाउने, स्थानीय आवश्यकताहरुको पहिचान गराउने सबैभन्दा प्रभावकारी माध्यम मिडिया नै हो । मिडिया र पालिकाबीचको अन्तरसम्बन्धले समाजले प्रगतीको बाटो समाल्न सक्छ ।

स्थानीय निकायले आफूले गरेको गतिविधिहरुको समाचार बनाउनका लागि पत्रकारहरुसंग नियमित सम्पर्क गरेर विभिन्न तरिकाले सूचनाहरु दिइरहेको हुन्छ । पत्रकारलाई कुनै जानकारी चाहिएमा स्थानीय निकायका जनप्रतिनिधिहरु र सूचना अधिकारीसंग सम्पर्क गरेर भनाइ, तथ्यहरु लिने गर्दछन् । तर कुनै बेला स्थानीय निकायलाई नै आफ्नो कुरा मिडियामा सार्वजनिक गर्नु पर्ने हुन्छ । नागरिक जति सूसुचित हुन्छन् उती विकासका काम गुणस्तरीय हुन्छन् । स्थानीय निकायबाट पाउने सेवा सुविधाहरुका बारेमा नागरिकले समयमै जानकारी पाउने र ती सुविधा हाम्रो अधिकार हो त्यसको उपयोग गर्नु पर्दछ भन्ने कर्तव्य बोध हुने किसिमले मिडिया मार्फत सूचनाहरु सम्प्रेषण गर्ने परिपाटीको विकास गर्न स्थानीय तहले नीति नियम बनाएर योजनाबद्ध रुपमा अघि बढ्न सक्दछ । यसका लागि कसरी गर्ने भन्ने विषयमा मिडियाकर्मीहरुसंगै बसेर पालिकाले छलफल चलाउनु पर्दछ । पत्रकार भनेका विज्ञापन माग्न मात्र आउने हुन, उनीहरु नकारात्मक कुरामात्र खोज्दछन् भन्ने मानसिकता पालिकाले हटाउनु पर्दछ । मिडियाकर्मीले पनि आफू समाजको हीतमा, समाज परिवर्तनका लागि कलम चलाउँदैछु । समाजले हामीलाई धेरै दियो, अब समाजलाई हामीले पनि दिनु पर्दछ भन्ने सोचबाट अघि बढ्नु पर्दछ ।

मिडियालाई जनमूखी बनाउन स्थानीय निकायले अग्रणी भूमिका खेल्न सक्दछ । मिडियाकर्मीहरुले आफ्नो पालिका क्षेत्रमा के छ ? के छैन ? के गर्नु पर्दछ ? कसले के गर्दैछ ? के के काम भइरहेको छ ? अब के के गर्न बाँकी छ ? कसरी होस भन्ने नागरिकको चाहना छ ? यो सबै मिडियाले उजागर गर्न सक्दछ । स्थानीय विषयहरु धेरै छन् । त्यसलाई मिडियाबाट उजागर गर्ने काम पत्रकारको हो ।

स्थानीय मिडियाले समुदायका सदस्यहरुलाई प्रत्यक्ष फाइदा वा बेफाइदा हुने कुराहरु प्रकाशन प्रसारण गरिरहेको हुन्छ भने मानिसको जीवनलाई प्रभाव पार्ने कुराहरुको छलफल चलाएर समुदायलाई सचेत, शिक्षित र सबल बनाउँछ समेत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गरिरहेको हुन्छ । बालबालिकाहरुलाई मिडियामा आबद्ध गराएर स्थानीय विषयहरु समाचार, लेख, अन्तर्वार्ता, सम्पादकीय, पाठक पत्रका रुपमा निकाल्ने काम गरियो भने यसले समुदायको कुन कुरा महत्वपूर्ण हो भन्ने जानकारी हुने र बढी चिन्तन मनन गर्ने, सामाजिक परिवेश बुझ्ने र सूचनाको महत्व बुझेर जस्तोसुकै परिस्थितिमा पनि मानिसहरुसंग निर्धक्क भएर कुराकानी गर्ने बानीको विकास समुदायका बालबालिका र युवामा हुन्छ । यसले सामूहिक काम गर्ने बानीको विकास हुने, समाजसेवा गर्न उत्साहित हुने भएकाले मिडियामा समुदायलाई समावेश गरेरै अघि बढ्नु पर्दछ ।

समुदायको आवश्यकता पहिचान गर्नका लागि पत्रकारहरुलाई समेत सहभागी गराएर उनीहरुको मिडियामार्फत आम नागरिक र दाताहरुलाई आवश्यकताको महशुसीकरण गराएर योजना छनौटदेखि कार्यान्वयन, अनुगमन र मूल्यांकनमा समेत पत्रकारहरुलाई सामेल गराउनु पर्दछ । यसले कार्यक्रमको पारदर्शिता, प्रचारप्रसार भई समग्र पालिकाको गतिविधिहरु आम नागरिकले थाहा पाउनेछन् । तसर्थ पालिकाले आफ्नो क्षेत्रका पत्रकारहरुको क्षमता अभिवृद्धिमा साथ दिएर, विज्ञापनहरु उपलब्ध गराएर, अवलोकन भ्रमण गराएर, लेखनबृत्तिको फेलोसिप दिएर समाचार लेख्न, प्रसारण गर्न सक्रिय बनाइराख्नु पर्दछ ।

पालिका भित्रका स्थानीय विषयबस्तुलाई राष्ट्रिय वा अर्न्तराष्ट्रियकरण गर्नका लागि मिडियाको ठूलो भूमिका हुन्छ । पर्यटनको विकासका लागि समेत प्रचार प्रसारको आवश्यकता पर्दछ । मिडिया मार्फत विकासका विभिन्न ढाँचाहरु बारे समुदायले जानकारी पाउँछ । कुन काम गर्दा के हुन्छ भन्ने जानकारी नपाएर अल्मलिरहेका नागरिकहरुलाई मिडियाले नै कामका विकल्पहरु, फाइदाहरुबारे जानकारी गराएर कुनै काम गर्न उत्साहित गराउँछ । यसले प्रत्यक्ष वा अप्रत्यक्ष पालिकाको लक्ष्य पुरा गर्न सहयोग पुगिरहेको हुन्छ । मिडियाकर्मीहरुले पनि राजनीतिक विवादको विषयलाई मात्र समाचारमा ग्राहयता दिइरहेको अहिलेको सन्दर्भमा पालिका मार्फत समाजमूखी हुन अभिप्रेरणा जगाउन सकिन्छ । प्रगति गरेका किसान, विद्यार्थी, महिला, उद्यमीहरुको कथाहरु समाचार बनेर रेडियो, स्थानीय टेलिभिजन, यूट्यूब, फेसबुक, पत्रपत्रिका, भित्ते पत्रिकाहरुमा प्रकाशन वा प्रसारण हुँदा त्यसको अनुशरण गर्न चाहनेहरु बढेर जान्छन् । काम गर्नेको हौसला बढेर अझ प्रगती तर्फ उन्मुख हुन्छन् । त्यसैले मिडिया र पालिकाले संयुक्त योजना बनाएर अघि बढेमा समाज विकासका धेरै आयामहरुमा सफलता प्राप्त गर्न सहज हुन्छ । पालिकालाई मिडियाको आवश्यकता छ । मिडियालाई पालिकाको सहायताको आवश्यकता छ । दुबैले एकअर्कालाई शंकाको नजरले हेर्नुभन्दा दुबै समाजकै हीतका लागि हुन भन्ने सकारात्मक सोचका साथ अघि बढ्नु पर्दछ । जुन पालिका मिडियासंग तर्सिन्छ, उसले साच्चिकै समाजसंग केही कुरा लुकाई रहेको छ भन्ने अनुभुति गर्नुपर्दछ । त्यसैले त्यस्तो अवस्थामा मिडियाले समाजसंग सम्बन्ध बढाएर समाजको अधिकारहरु दिलाउनका लागि कलम चलाउनु पर्दछ ।

## डिएसपी सहित...

बगंलादेश बैंकका एक कर्मचारी गरी सात जनामा कोरोना पुष्टि भएको हो ।

सिरहामा हालसम्म ५ हजार ८ सय ४६ जनाको पिसिआर जाँचको लागि स्वाब लिइएको थियो । जसमा २७४ जनाको रिर्पोट पोजेटिभ र ४ हजार ९९२ जनाको नेगेटिभ आएको थियो । ५८१ जनाको रिर्पोट आउन बाँकी रहेको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ ।

जिल्लामा २०९ जना कोरोना जितेर घर फर्किसकेका छन् भने २ जनाको मृत्यु भएको थियो । मंगलबार सम्ममा सिरहामा ५१९ संस्थागत क्वारेन्टाइनमा रहेको र ५४४ जना होम क्वारेन्टाइनमा रहेको स्वास्थ्य कार्यालयको तथ्यांक छ ।

## राष्ट्रकवि ...

साहित्यकारका रुपमा चिनिन्छन् । उनले कविता, खण्डकाव्य, गीतिनाटक, कथा, अनुवाद लेख(प्रबन्धजस्ता अनेकौं विधा, उपविधाहरुमा सिर्जना दिँदै आइरहेका छन् ।

## युवकको शव ...

कार्यालय सिरहाले जनाएको छ । घटनाबारे थप अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी विनोद घिमिरेले बताए ।

गन्हाएको अवस्थामा फेला परेको शव दुई/तीन दिन हत्या गरी घाँसघारीमा फालेको हुनसक्ने प्रहरीको अनुमान छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## शहिद रामबृक्ष ...

त्यसपछि २०३५ साल कात्तिकमा सिन्धुलीको रघुनाथ कोइराला हत्याकाण्डमा तत्कालीन सरकारले जबरजस्ती फसायो । त्यही काण्डमा २०३५ पुस १ गतेदेखि २०३७ साल बैसाख ५ गतेसम्म जेल बसेका उनी राजबन्दी रिहाइ अन्तर्गत हि गरिए । २०३६ सालको जनमत संग्रहमा सुधारिएको पंचायती व्यवस्थाको जित भएपछि मास्टर साहेव लगायतको घर तोडफोडसागै लुटपाट समेत गरिएपछि बाध्य भएर भूमिगत भएका थिए, मास्टर साहेव ।

२०४१ सालमा भएको पाँचौ महाधिवेशनपछि पार्टी विभाजन हुँदा मास्टर साहेवले नेकपा ( मशाल) को केन्द्रीय समितिको जिम्मेवारी पाए तर विरोधीहरुको षड्यन्त्रपूर्ण हर्कतले २०४५ साल जेठदेखि २०४८ सालसम्म कर्तव्य ज्यान मुद्दा अन्तर्गत जेल जीवन बिताए । २०५१ साल भदौ १ गते तत्कालीन संयुक्त जनमोर्चा नेपालले आह्वान गरेको नेपाल बन्दपछि बरमझिया फर्किने क्रममा २०५१ साल भदौ २ गते षड्यन्त्रपूर्ण ढंगले उनको हत्या भएको थियो ।

## जुवाडे ...

टोलीले उनीहरुलाई पत्राउ गरेको हो ।

डिएसपी घिमिरेका अनुसार जुवा खेल्नेहरुसँग कौडा १६ पीस, नेपाली रुपैयाँ ३ लाख ६३ हजार ६४०, भारतीय रुपैयाँ ४ हजार ८७०, हस्ताक्षर गरी राखिएको ४ लाख ४८ हजार ३७३ रुपैयाँको चेक बरामद भएको छ । उनीहरुले प्रयोग गरीरहेको १४ थान मोबाइलसहित इलाका प्रहरी कार्यालय लहानमा राखि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## प्रदेश २ मा ३२४ जना कोरोना संक्रमित थपिए

**जनकपुरधाम ।** प्रदेश २ मा मंगलबार ३ सय २४ जना कोरोना संक्रमित थपिएका छन् । सामाजिक विकास मन्त्रालयका अनुसार ८५ जना महिलासहित ३२४ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

संक्रमित हुनेमा सबैभन्दा बढी पर्सा जिल्लामा १ सय २४ जना छन् । मन्त्रालयका अनुसार बारामा ५९, धनुषामा ५४, रौतहटमा ४४, सप्तरीका १४, सिरहा तथा महोत्तरीमा १३/१३ जना र सर्लाहीका ३ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । योसँगै प्रदेशमा कुल संक्रमितको संख्या ७ हजार ५ सय पुगेको छ ।

पछिल्लो २४ घण्टामा ४८ जना कोरोना संक्रमित डिस्चार्ज भएका छन् । सप्तरीका २, सिरहाका ४, धनुषाका १२, महोत्तरीका १७ र पर्साका १३ जना कोरोना संक्रमित निको भई डिस्चार्ज भएको मन्त्रालयले जनाएको छ । योसँगै प्रदेश २ मा डिस्चार्ज हुने कोरोना संक्रमितको संख्या ३ हजार ७ सय ९० पुगेको छ ।

प्रदेशमा हालसम्म ४७ जना कोरोना संक्रमितको मृत्यु भएको छ । सबैभन्दा बढी पर्सा जिल्लामा २१, धनुषामा ९, बारामा ६, सप्तरी र रौतहटमा ३/३, सिरहा र महोत्तरीमा २/२ र सर्लाहीमा १ जनाको मृत्यु भइसकेको छ ।


**कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) कम पाकेको माछा, मासु नखाऔं । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाऔं । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाऔं । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाऔं । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्य गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा**



छोराछोरीलाई समान शिक्षा दिऊ । जनहितमा जारी लहानपोस्ट्



लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)